


# स्थानीय सरकारमा सशक्त महिला नेतृत्व

नेपालमा परम्परागत सोच, विचारबाट लैङ्गिक विभेदकारी भूमिकाले समाजमा जरा गाडेको छ । राजनीतिक रूपमा महिलाहरूको भूमिकालाई सिमित राखिएको कुरा ईतिहास पढ्दा देख्न बुझ्न सकिन्छ । यद्यपि, महिलाहरू समुदायिक रूपमा समूहमा गौलबन्द भई आर्थिक, सामाजिक तथा राजनीतिक अधिकारका लागि आवाज उठाउँदै अघि बढ्दै छन् र परम्परागत मूल्य मान्यताहरूलाई तौड्दै आ–आफ्नो गाउँपालिका, नगरपालिकामा अध्यक्ष तथा उपाध्यक्ष जस्तो पद सम्हाल्दै प्रभावकारी रूपमा नेतृत्व प्रदान गरी प्रभावशाली नेताको रूपमा देखापरेको छ ।

यो Case Study महिला जागरण तथा विकास केन्द्र (CWAD), नेपालको प्रमुख सिकाई साझेदार संस्था WOREC द्वारा आयोजित Strengthening Network of Women on Humanitarian Action (स्नेह) परियोजना अन्तर्गत Care USA को सहयोगमा Women's Voice and Leadership in Humanitarian Setting (WHS) परियोजना हो । प्राकृतिक विपत व्यवस्थापन तथा मानवीय संकटको समयमा महिला र बालिकाहरूको विशिष्ट आवश्यकता र प्राथमिकताहरूको पहिचान गरी सम्बोधनका लागि महिलाको नेतृत्व तथा प्रतिनिधित्व बढाउने उदेश्यले परियोजना संचालन गरिएको हो । यसर्थ CWAD ले अनुगमन गर्दा विशेष गरी विपद् व्यवस्थापन, मानवीय संकट र महिला सशक्तिकरणमा स्थानिय सरकारको असाधारण योगदानका बारेमा प्रकास पार्नका लागि Case Study तयार पारी पाठक समक्ष प्रस्तुत गर्दछ ।




*भगवती चौधरी*ले आफ्नो राजनीति यात्रा विद्यार्थी हुँदादेखि राजनीति कार्यकर्ताको रूपमा सुरू भएको यात्रा शिक्षण पेसाबाट पुनः राजनीतिको माध्यमबाट उनले नेतृत्वदाई भूमिकालाई निरन्तरता दिईन् । उनी शान्ति प्रक्रियापछि आफ्नो गाउँ फर्कि विद्यालय स्थापना गरेर राजनीतिमा सक्रिय रूपमा संलग्न भइन् । प्राकृतिक प्रकोप विशेष गरी बाढीको समयमा उनले चौधरी समुदाय (नेपालको आदीवासी थारू समुदायमध्ये) का महिलाहरूको आवश्यकतालाई प्राथमिकतामा राख्छिन् । सन् २०२२ मा कैलाली जिल्लाको कैलारी गाउँपालिका, मा उपाध्यक्षको रूपमा उनी निर्वाचित भइन् जसले गर्दा संकटको समयमा लैङ्गिक हिंसा, विपद् व्यवस्थापन र घरपरिवार कल्याणमा उनको समर्पणलाई बलियो बनायो ।

*"मैले विवाह गरेपछि पनि मेरो राजनीतिक विश्वास र सक्रियतालाई जारी राखी आफ्नो प्रतिबद्धताले पारिवारिक जीवनसँग सँगै रहन सक्छ भनेर प्रमाणित गरेकी छु ।"*

*– भगवती चौधरी*

दलित परिवारमा जन्मिएकी *राजु तिरुवा*ले आफ्नो राजनीतिक यात्रा स्थानियस्तरको महिला समूहमा आवद्ध भई क्षमता अभिबृद्धि तथा महिला अधिकार सम्बन्धि चेतनामूलक कार्यक्रम मार्फत सुरू गरेकी थिइन् । लैङ्गिक मुद्दाहरूमा उनको दृढ समर्पणले उनलाई कैलाली जिल्लाको भजनी नगरपालिकाको उपमेयरको भूमिकामा निर्वाचित हुन मद्दत पुग्यो । नेपाल भएका प्राकृतिक विपतबाट स्थानिय बासीले व्यहोर्न परेको मानवीय तथा अन्य धन सम्पत्ति सम्बन्धी क्षतिको सम्बन्धमा पालिका लगायत अन्य संघ संस्थाले काम गरेता पनि महिलाका विशिष्ट आवश्यकताका बारेमा कसैको ध्यान पुगेको थिएन । Strengthening Networks of Women on Humanitarian Action (स्नेह) परियोजनाले महिलाद्वारा नेतृत्व गरेका संस्था तथा महिला समूहको क्षमता अभिवृद्धि गर्नाले प्रभावकारी रूपमा विपत व्यवस्थापन तथा प्राकृतिक प्रकोपको समयमा राहत प्रयासहरू व्यवस्थापन गर्न मद्दत पुग्ने विश्वास तथा खुशी व्यक्त गरिन् सन् २०२३ मा आएको बाढीको बेला उनको नगरपालिकाले राहत मात्र दिएन् । उनको नेतृत्वमा गर्भवती र महिनावारी भएका महिला लगायतका महिलाको विशेष आवश्यकतालाई पनि प्राथमिकता दियो ।




*पिमा कुमारी वली खड्का*ले स्वास्थ्य शिक्षा, महिला बचत तथा सहकारी संस्था स्थापना गरेर आफ्नो समाज सेवाको यात्रा सुरू गरिन् । COVID-19 को समयमा, उनको संगठनले COVID-19 बाट प्रभावित बिरामीहरूलाई महत्वपूर्ण सेवाहरू प्रदान गरी, सामुदायिक कल्याण प्रति उनको प्रतिबद्धता रह्यो । यस्तै सामाजिक कामबाट उनलाई समाज तथा पालिकाबासीद्वारा दाङ जिल्लाको दङ्गिशरण गाउँपालिकाकी उपाध्यक्षमा विजय बनाए । उपाध्यक्षको हैसियतमा उनले महिला अधिकारको पक्ष, विपद् व्यवस्थापन र मानवीय राहतमा सक्रियताका साथ सहयोग गर्ने र विपदको समयमा महिलाको आवश्यकतामा विशेष ध्यान दिने गरेकी छन् ।




*श्री धनपति देवी यादव*को बालविवाह र घरेलु हिंसा लगायतका जीवनका अनुभवहरूले महिला अधिकारप्रतिको उनको समर्पणलाई बढावा दिएको छ । सम्बन्धविच्छेद पछि उनले एक स्वास्थ्य कार्यकर्ताको रूपमा काम गरी बचत तथा सहकारी संस्थाहरू स्थापना गरेर हिंसा पिडित महिलाहरूलाई सहयोग गर्न पारालिगल बनीन् । राजपुर गाउँपालिकाको उपाध्यक्षमा दोस्रो पटक निर्वाचित भएकी उनले आफ्नो गाउँपालिकामा महिलाको आवश्यकतालाई प्रमुखता दिँदै घरेलु हिंसाका घटनालाई सम्बोधन गर्ने र विपद् व्यवस्थापनमा सक्रिय रूपमा सहभागी हुने गर्छिन ।




*"मैले २४ वर्षको उमेरमा मेरो श्रीमानसँग सम्बन्धविच्छेद गरेर मेरो आमाबुबाको घर गए । शिक्षा र स्वतन्त्रताको पछि लाग्न कहिल्यै ढिलो हुँदैन भन्ने बुझेर पढि एक स्व-रोजगार कामदारको रुपमा काम गरे ।"*

*– श्री धनपति देवी यादव*

विविध पृष्ठभूमि र अनुभवबाट आएका यी महिलाहरूले सामाजिक कुरितिहरूलाई बेवास्ता गरेका छन् र नेपालको स्थानीय शासनमा प्रभावशाली नेताका रूपमा देखा परेका छन् । उहाँहरूको अटल प्रतिबद्धता, विविध अनुभवहरू, गतिशिल नेतृत्वले, लैङ्गिक संवेदनशील, विपद् व्यवस्थापन र मानवीय राहतलाई मात्र होइन, स्थानिय तहमा महिला सशक्तिकरणलाई पनि महत्वपूर्ण योगदान पुर्‍याएको छ । उहाँहरूको कथाहरू समाजका ज्वलन्त उदाहरण हुन् जसले समाज, समुदाय र व्यक्तिहरूका परम्परावादी सोच, बिचारलाई परिवर्तन गरी महिलाको नेतृत्वलाई समाजमा उदाहरण तथा प्रेरणाको रूपमा बन्न सफल भएको छ । उहाँहरूले स्नेह परियोजना र यसमा संलग्न महिला नेताहरूका लागि मार्गदर्शन दिइरहेका छन् ।

*"परम्परागत मुल्य र मान्यताहरुको बावजुद म राजनीतिमा प्रवेश गर्न सफल भए दृढ संकल्प र सहयोगी परिवारहरुले अवरोधहरु तोड्न सक्छन् ।"*




*– प्रियंका कुमारी सिंह, उपमेयर सम्मरीमाई गाउँपालिका, रुपन्देही ।*